शोधनिर्देशक

दयाराम बस्याल

# ताहुँ स्रोतकेन्द्र अन्तर्गतका कक्षा नौ मा अध्ययनरत विद्यार्थीहरूको नेपाली विषयको पठनबोध क्षमताको अध्ययन


शोधार्थी

दुर्गालक्ष्मी

परीक्षा क्रमाङ्क: ५००३०९

त्रि.वि.दर्ता नं. ६-२-४९-१९३-२००१

त्रिभुवन विश्वविद्यालय, बुटवल बहुमुखी क्याम्पस, शिक्षाशास्त्र

सङ्काय अन्तर्गत नेपाली भाषा शिक्षा विभाग


स्नातकोत्तर तह दोस्रो वर्षको नेपाली

शिक्षा विषयको (नेपा.शि.५९८)

पाठ्यांशको प्रयोजनार्थ

प्रस्तुत

शोधपत्र


नेपाली भाषा शिक्षा विभाग

बुटवल बहुमुखी क्याम्पस, बुटवल


२०१३


ताहुँ स्रोतकेन्द्र अन्तर्गतका कक्षा नौ मा अध्ययनरत विद्यार्थीहरूको नेपाली विषयको पठनबोध क्षमताको अध्ययन ✍दुर्गालक्ष्मी २०१३

# ताहुँ स्रोतकेन्द्र अन्तर्गतका कक्षा नौ मा अध्ययनरत विद्यार्थीहरूको नेपाली विषयको पठनबोध क्षमताको अध्ययन


शोधार्थी

दुर्गालक्ष्मी

परीक्षा क्रमाङ्क: ५००३०९

त्रि.वि.दर्ता नं. ६-२-४९-१९३-२००१


त्रिभुवन विश्वविद्यालय, बुटवल बहुमुखी क्याम्पस, शिक्षाशास्त्र

सङ्काय अन्तर्गत नेपाली भाषा शिक्षा विभाग

स्नातकोत्तर तह दोस्रो वर्षको नेपाली

शिक्षा विषयको (नेपा.शि.५९८)

पाठ्यांशको प्रयोजनार्थ

प्रस्तुत

शोधपत्र


नेपाली भाषा शिक्षा विभाग

बुटवल बहुमुखी क्याम्पस, बुटवल

२०१३

# निर्देशकको सिफारिस-पत्र

नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपाली भाषा शिक्षा विषयको नेपा. शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत 'ताहुँ स्रोतकेन्द्र अन्तर्गतका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको नेपाली विषयको पठनबोध क्षमताको अध्ययन' शीर्षकको शोधपत्र शोधार्थी दुर्गालक्ष्मीले मेरो निर्देशनमा तयार पार्नुभएको हो । यस शोधकार्यसँग म पूर्ण सन्तुष्ट छु । उहाँले बडो परिश्रम र लगनशीलताका साथ तयार गर्नुभएको प्रस्तुत शोधपत्र समयसापेक्ष र मौलिक भएकाले यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

शोधनिर्देशक

...............................

दयाराम बस्याल

सह–प्राध्यापक

नेपाली भाषा शिक्षा विभाग

शिक्षाशास्त्र सङ्काय

बुटवल बहुमुखी क्याम्पस

बुटवल

मितिः २०७०/०६/१४

# कृतज्ञताज्ञापन

प्रस्तुत 'ताहुँ स्रोतकेन्द्र अन्तर्गतका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको नेपाली विषयको पठनबोध क्षमताको अध्ययन' शीर्षकको शोधपत्र शिक्षाशास्त्र संकाय नेपालीभाषा शिक्षा विभाग स्नातकोत्तर तह दोस्रो वर्षको नेपाली शिक्षा (५९८) को आंशिक आवश्यकता परिपूर्तिका लागि तयार पारिएको हो । प्रस्तुत शोधपत्रमा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता कस्तो छ ? जातीय आधार, लैङ्गिक आधार, उमेरगत आधारमा पठनबोध क्षमता के-कस्तो छ भनी पहिचान गरी तिनका कारणहरू खोजी गर्ने र समस्या समाधानका उपायहरू सुझाउने उद्देश्यले तयार पारिएको हो । सर्वप्रथम त यस शोधपत्र तयार पार्ने क्रममा अति नै व्यस्तताका बीच मलाई निरन्तर रूपमा सहयोग, सल्लाह, सुझाव एवम् आवश्यक सन्दर्भ सामग्री उपलब्ध गराइ अतुलनीय सहयोग गर्नुहुने श्रद्धेय गुरू एवम् यो शोधकार्यका निर्देशक साथै नेपाली विषय विभागीय प्रमुख श्री दयाराम बस्याल ज्यूप्रति सदासर्वदा कृतज्ञ रहँदै उहाँको  यो प्राज्ञिक सहयोगको लागि सदा ऋणी छु ।

प्रस्तुत  शोधपत्र तयार पार्ने क्रममा सहयोग पुऱ्याउनु हुने बुटवल बहुमुखी क्याम्पस उपप्रा. सखिशरण सुवेदी, सहप्रा. डा. शिवप्रसाद पौडेल, सहप्रा. शिवप्रसाद ज्ञवाली र गुरू यज्ञलाल सापकोटाज्यू साथै पुस्तकालयीय परिवारमा हृदयदेखि नै कृतज्ञता ज्ञापन गर्न चाहन्छु । यस शोधपत्र लेखनका लागि ताहुँ स्रोतकेन्द्रका स्रोतव्यक्ति श्री टेक बहादुर खत्री एवम् छनौटमा परेका विद्यालयका प्राचार्यहरू, शिक्षकहरू, विद्यार्थीहरू सबैको सद्भावपूर्ण सहयोगका लागि कृतज्ञ छु । मलाई जीवन र जगत परिचित गराइ दिनुहुने एवम् यस शोधपत्र लेखनलाई यस अवस्थासम्म ल्याउन अनुकूल वातावरण मिलाइलिनु हुने मेरा श्रदेय पिता हिरा बहादुर रेग्मी, माता नारायणी रेग्मी, ससुरा डिलबहादुर खत्री र सासु लेमकुमारी खत्रीप्रति आभारी छु । शोधपत्र लेखनमा निरन्तर प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने जीवन साथी विष्णु खत्रीप्रति आभारी छु, साथै लेखकका समयमा आवश्यक स्रोत सामग्री समायोजन गर्न सहयोग गर्नुहुने सहकर्मी शिक्षक शंकर गौतम बैनीहरू उमा, जानुका, दिदी अञ्जु, भाइ केवल र स्नेही छोरा अनुराग सबै धन्यवादका पात्र छन् । साथै यो शोधपत्र तयार गर्न कम्प्युटरतर्फ सहयोग गर्ने अक्सफोर्ड प्रिन्ट एण्ड फोटोकपी सेन्टर परिवारप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्तमा शोधपत्रको आवश्यक मूल्याङ्कन गरी आवश्यक सुझाव सल्लाह दिई यो शोधपत्रलाई स्तरीय बनाउन सहयोग गर्नुहुने बुटवल बहुमुखी क्याम्पस नेपाली भाषा विभागीय समिति प्रति सधै ऋणी छु ।

शोधार्थी
दुर्गालक्ष्मी

# शोधसार

**शोधशीर्षक** : ताँहु स्रोतकेन्द्र अन्तर्गतका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन'

**शोधार्थीको नाम** : दुर्गालक्ष्मी

**शैक्षिक वर्ष** : २०६६/०७०

**क्याम्पस विभाग** : नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. बुटवल बहुमुखी क्याम्पस, बुटवल

**शोधनिर्देशक** : स.प्रा. दयाराम बस्याल

**जम्मा अध्याय** : पाँच

**पृष्ठ संख्या** : ४२

यो अध्ययन पाल्पा जिल्ला, जिल्ला शिक्षा कार्यालय पाल्पा अन्तर्गत ताहुँ स्रोतकेन्द्र अन्तर्गतका माध्यमिक तह कक्षा ९ मा पढ्ने विद्यार्थीको पठनबोध क्षमताको अध्ययनमा सिमित रहेको छ । यस अध्ययनको प्रमुख उद्देश्य कक्षा नौ को नेपाली विषयमा आधारित पठनबोध क्षमता पहिल्याउनु, कक्षा नौ मा अध्ययनरत विलर्थीहरूको लैङ्गिकता, भाषिक पृष्ठभूमि उमेर समूह, अभिभावकको पेशा र जातीयताको आधाराम पठनबोध क्षमताको पहिचान गर्नु, विद्यार्थीहरूको पठनबोधसँग सम्बन्धित समस्याहरू निरूपण गर्ने, पठनबोध क्षमताको अभिवृद्धिका लागि अवश्यक सुझाव दिनु रहेको थियो । उक्त उद्देश्य प्राप्त गर्न अनुसन्धानकर्ता स्वयम् शोध सर्वेक्षण अनुगमन, अवलोकन, प्रश्नावलीको माध्यमबाट शोध समस्या पहिचान गरी समस्याको बारेमा विश्लेषण गर्ने प्रयास गरिएको छ । यो शोधपत्र ५ अध्यायमा संरचित छ । शोधपत्र तयार गर्न शोध छनौट गरिएका विद्यालयका ४ प्राचार्य,४ विषय शिक्षक १५ विद्यार्थीका दरले ६० विद्यार्थीहरूलाई प्राथमिक श्रोतका रूपमा लिइएको छ । जस अन्तर्गत प्रश्नावली फारामबाट प्राप्त अवधारणाहरू समावेश गरिएको छ ।

द्वितीय श्रोतका रूपमा विभिन्न विद्वानहरूका प्रकाशित पुस्तकहरू, पाठ्यपुस्तकहरू, निर्देशिका विभिन्न अग्रजहरूका शोधगन्थ्रहरू रहेका छन् । प्रस्तुत शोधकार्य सम्पन्न गरेपछि शोधकर्ताद्वारा निकालिएका निष्कर्ष तथा सुझावहरू यस प्रकार छन् ।

क. शोधकार्य गर्दा नमुना छनौटका समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको प्रतिशताङ्क स्थिति गणना गरिएको छ यसरी गणना गर्दा विद्यार्थीहरूको पठनबोध क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

ख. विद्यार्थीहरूको समग्र अध्ययनको आधारमा पठनबोध क्षमताको मापन गर्दा विद्यार्थीहरूको पठनबोध क्षमता औसत रहेको पाइन्छ ।

ग. लैङ्गिक दृष्टिले समग्र पठनबोध क्षमतालाई आधार मान्दा छात्र विद्यार्थीको भन्दा छात्रा विद्यार्थीहरूको पठनबोध क्षमता कमजोर रहेको छ ।

घ. भाषिक दृष्टिले समग्र अध्ययनलाई आधारमान्दा नेपालमा मातृभाषिको भन्दा नेपाली दोस्रो भाषी विद्यार्थीहरूको पठनकोध क्षमता कमजोर रहेको पाइयो ।

ङ. विद्यार्थीहरूको उमेरमा दृष्टिले समग्र अध्ययनलाई आधारमान्दा १५ वर्ष भन्दा तलका विद्यार्थीहरूको पठनबोध क्षमता सन्तोषजनक रहेको पाइयो ।

च. अभिभावकको पेशागत आधारमा पठनबोध क्षमताको अध्ययन गर्दा कृषि र जागिर गर्ने अभिभावकका छोराछोरीको अध्ययन गरिएकोमा कृषि कार्य गर्ने अभिभावकका छोराछोरीको पठनबोध क्षमता राम्रो रहेको पाइयो ।

छ. जातीयताको आधारमा अध्ययन गर्दा अध्ययनमा मगर, ब्राह्मण, क्षेत्री, नेवार, दलित, विद्यार्थीहरू रहेकोमा नेवार जातिका विद्यार्थीको पठनबोध क्षमता राम्रो रहेको पाइयो ।

समग्र अध्ययनलाई विश्लेषण गर्दा विद्यालयमा सबै वर्गका विद्यार्थीहरूको पठनबोध क्षमता अभिवृद्धिका लागि पर्याप्त शैक्षिक सामग्री र बालमैत्री वातावरणमा अध्ययन गराउनुपर्ने देखिन्छ । साथै शिक्षकले विद्यार्थीका शारीरिक, मनोवैज्ञानिक समस्याहरूको सूक्ष्म अध्ययन गरी सोही बमोजिम शिक्षण गर्नसके पठनबोध समानुपातिक रूपमा समग्र अभिवृद्धि गर्न सकिने देखिन्छ ।

# विषयसूची


| | पृष्ठ |
|---|---|
| निर्देशकको सिफारिस–पत्र | |
| स्वीकृतिपत्र | |
| कृतज्ञताज्ञापन | |
| शोधसार | |
| सङ्क्षेपीकृत शब्दसूची | |
| विषयसूची | |
| तालिकासूची | |
| **अध्याय एकः शोधपरिचय** | **१–६** |
| १.१ शोधशीर्षक | १ |
| १.२ शोधप्रयोजन | १ |
| १.३ समस्याकथन | १ |
| १.४ शोधकार्यको उद्देश्य | २ |
| १.५ शोधको औचित्य | २ |
| १.६ अध्ययनको सीमाङ्कन | ३ |
| १.७ पूर्वकार्यको समीक्षा | ३ |
| १.८ शोधविधि | ५ |
| १.९ शोधपत्रको रूपरेखा | ६ |
| **अध्याय दुईः अध्ययन विधि** | **७–१०** |
| २.१. जनसङ्ख्या | ७ |
| २.२ प्रतिनिधि नमुना | ७ |
| २.३ सामग्री निर्माण | ७ |
| २.४ पूर्वपरीक्षण | ८ |
| २.५ परीक्षणको कार्यान्वयन | ८ |
| २.६ तथ्याङ्कको सङ्कलन तथा विश्लेषण | ९ |
| २.७ अध्याय निचोड | १० |

**अध्याय तीनः सैद्धान्तिक परिचय** ११–२२
३.१ बोधको परिचय ११
३.२ बोधका प्रकार १२
३.२.१. श्रुतिबोध १२
३.२.२ पठनबोध १४
३.३ पठनबोधको महत्त्व १५
३.४ पठनबोधका चरणहरू १६
३.५ मा.वि. तहमा अनिवार्य नेपाली विषयको पाठ्यक्रमनिर्दिष्ट पठनबोधसम्बन्धी उद्देश्यको विश्लेषण १८
३.६ पठनबोधमा प्रभाव पार्ने तत्त्वहरू २०
३.६.१ सामग्रीको छनोट २०
३.६.२ शिक्षार्थीको शारीरिक, मानसिक एवम् संवेगात्मक अवस्था २१
३.६.३ वातावरण २१
३.६.४ अभ्यास २२
**अध्याय चारः व्याख्या तथा विश्लेषण** २३–२८
४.१ नमुना विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति २३
४.१.१ प्रतिशतका आधारमा नमुना विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति २३
४.१.२ मध्यमान र मानक विचलनका आधारमा नमुना विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति २४
४.२ नमुना विद्यार्थीहरूको मध्यमान र मानक विचलनका आधारमा पठनबोध क्षमताको समूहगत स्थिति २५
४.२.१ नमुना विद्यार्थीहरूको मध्यमान र मानक विचलनका आधारमा पठनबोध क्षमताको जातीयगत स्थिति २७

**अध्याय पाँचः तुलनात्मक विश्लेषण** २९–४७
५.१ विभिन्न समूहबीचमा पठनबोध क्षमताको तुलनात्मक स्थिति २९
५.१.१ पठनबोध क्षमतामा लैङ्गिक आधारमा छात्र र छात्राबीचको तुलना २९

५.१.२ पठनबोध क्षमतामा भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र नेपाली दोस्रोभाषीबीच तुलना ३०
५.१.३ उमेर समूहका आधारमा पठनबोध क्षमतामा पन्ध्र वर्षभन्दा तल र पन्ध्र वर्षदेखि माथिको तुलना ३१
५.१.४ पठनबोध क्षमतामा अभिभावकको पेशाका आधारमा कृषि र जागिरबीच तुलना ३२
५.१.५ पठनबोध क्षमतामा जातीयताका आधारमा बाहुन/क्षेत्री र मगर विद्यार्थीहरूबीच तुलना ३४
५.१.६ पठनबोध क्षमतामा जातीयताका आधारमा बाहुन/क्षेत्री र नेवार विद्यार्थीहरूबीच तुलना ३५
५.१.७ पठनबोध क्षमता जातीयताका आधारमा मगर र नेवार विद्यार्थीहरूबीच तुलना ३६
५.१.८पठनबोध क्षमतामा जातीयताका आधारमा परियार र वि.क विद्यार्थीहरूबीच तुलना ३७

**अध्याय छः निष्कर्ष तथा सुभाव** **३८-४३**
६.१ निष्कर्ष ३८
६.२ सुझाव ४०
६.३ भावी अध्ययनका लागि सम्भावित शीर्षकहरू ४२

सन्दर्भग्रन्थ सूची
परिशिष्ट

# तालिकासूची

पृष्ठ

४.१.१ प्रतिशतका आधारमा नमुना विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति २८

४.१.२ मध्यमान र मानक विचलनका आधारमा नमुना विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति २९

४.२ नमुना विद्यार्थीहरूको मध्यमान र मानक विचलनका आधारमा पठनबोध क्षमताको समूहगत स्थिति ३१

४.२.१ नमुना विद्यार्थीहरूको मध्यमान र मानक विचलनका आधारमा पठनबोध क्षमताको जातीयगत स्थिति ३४

५.१.१ पठनबोध क्षमतामा लैङ्गिक आधारमा छात्र र छात्राबीचको तुलना ३८

५.१.२ पठनबोध क्षमतामा भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र नेपाली दोस्रोभाषीबीच तुलना ३९

५.१.४ उमेर समूहका आधारमा पठनबोध क्षमतामा पन्ध्र वर्षभन्दा तल र पन्ध्र वर्षदेखि माथिको तुलना ४१

५.१.५ पठनबोध क्षमतामा अभिभावकको पेशाका आधारमा व्यापार र जागिरबीच तुलना ४२

५.१.६ पठनबोध क्षमतामा जातीयताका आधारमा बाहुन/क्षेत्री र मगर विद्यार्थीहरूबीच तुलना ४४

५.१.७ पठनबोध क्षमतामा जातीयताका आधारमा बाहुन/क्षेत्री र नेवार विद्यार्थीहरूबीच तुलना ४५

५.१.८ पठनबोध क्षमता जातीयताका आधारमा मगर र नेवार विद्यार्थीहरूबीच तुलना ४६

५.१.९ पठनबोध क्षमतामा जातीयताका आधारमा बाहुन/क्षेत्री विद्यार्थीहरूबीच तुलना ४७

## सङ्क्षेपीकृत शब्दसूची

| **क्र.स.** | **सङ्क्षिप्त रूप** | **पूर्ण रूप** |
|---|---|---|
| १. | अप्र. | अप्रकाशित |
| २. | ई.सं. | ईस्वी सम्वत् |
| ३. | उपप्रा. | उपप्राध्यापक |
| ४. | क्र.स. | क्रम संख्या |
| ५. | चौ.सं. | चौथो संस्करण |
| ६. | छै.सं. | छैठौँ संस्करण |
| ७. | जि.शि.का. | जिल्ला शिक्षा कार्यालय |
| ८. | ते.सं. | तेस्रो संस्करण |
| ९. | त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| १०. | दो.सं. | दोस्रो संस्करण |
| ११. | नं. | नम्बर |
| १२. | ने.बृ.श. | नेपाली बृहत शब्दकोश |
| १३. | ने.भा.शि.वि. | नेपाली भाषा शिक्षा विभाग |
| १४. | ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| १५. | प्र.ने.श. | प्रयोगात्मक नेपाली शब्दकोश |
| १६. | पाँ.सं. | पाँचौँ संस्करण |
| १७. | पृ. | पृष्ठ |
| १८. | प्रा. | प्राध्यापक |
| २०. | पा.वि.के. | पाठ्यक्रम विकास केन्द्र |
| २१. | सहप्रा. | सहप्राध्यापक |
| २२. | वि.सं. | विक्रम सम्वत् |
| २३. | सम्पा. | सम्पादक |

### शोधप्रतिवेदनमा प्रयोगमा आएका अङ्ग्रेजी शब्दसूची

| | |
|---|---|
| Z Test | जेड परीक्षण |
| Mean | मध्यमान |
| Standard Deviation | मानक विचलन |
| Percentile | प्रतिशताङ्क |